# फाल्गुनन्द गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## फाक्तेप, पाँचथर

प्रदेश नं.-१, नेपाल

## जस्ता पाता वितरण सम्बन्धि कार्यविधी

**गाउँ सभा बाट स्वीकृत मिति-२०७६/११/०९**

फाल्गुनन्द गाउँपालिकाको आ.व. २०७६/०७७ को गाउँसभाबाट विनियोजित रकम रु. १५,००,०००।- को जस्तापाता शिलबन्दी बोलपत्रबाट खरिद गरि (खरिद मूल्य रु. १४,३४,६४८।००) यस फाल्गुनन्द गाउँपालिका गाउँकार्यपालिकामा दाखिला भएको र उक्त जस्तापाता स्थानीय जनता, संघ संस्थालाई आवश्यक्ता, औचित्यता तथा प्रभावकारीताको आधारमा वितरण गर्न यो कार्यविधि वनाईएको हो ।

१) फाल्गुनन्द गाउँपालिकाबाट खरिद भएको जस्तापाता तपशिल बमोजिम गाउँपालिका तथा वडा कार्यालयहरुमा वितरण गरिने छ ।

| क्र.स. | विवरण | जस्ता पाताको परिणाम | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ६ फुटे | ८ फुटे | ९ फुटे | जम्मा | |
| १. | गाउँपालिकाको कार्यालय | १७ वण्डल | १८ वण्डल | ३२ वण्डल | ६७ वन्डल | |
| २. | १ नं. वडा कार्यालय | ४ वण्डल | ४ वण्डल | २ वण्डल | १२ वन्डल | |
| ३. | २ नं. वडा कार्यालय | ४ वण्डल | ४ वण्डल | २ वण्डल | १२ वन्डल | |
| ४. | ३ नं. वडा कार्यालय | ४ वण्डल | ४ वण्डल | २ वण्डल | १२ वन्डल | |
| ५. | ४ नं. वडा कार्यालय | ४ वण्डल | ४ वण्डल | २ वण्डल | १२ वन्डल | |
| ६. | ५ नं. वडा कार्यालय | ४ वण्डल | ४ वण्डल | २ वण्डल | १२ वन्डल | |
| ७. | ६ नं. वडा कार्यालय | ४ वण्डल | ४ वण्डल | २ वण्डल | १२ वन्डल | |
| ८. | ७ नं. वडा कार्यालय | ४ वण्डल | ४ वण्डल | २ वण्डल | १२ वन्डल | |
| | जम्मा | ४५ वण्डल | ४६ वण्डल | ४६ वण्डल | १३७ वन्डल | |

२) वडा कार्यालयहरुले वडा समितिको वैठकबाट निर्णय भई सो वडामा जस्ता पाता चाहिने व्यक्ति, संघ संस्थाको पहिचान गरि आवश्यक्ता, औचित्यता, मितव्ययीता र प्रभावकारीताको आधारमा वितरण गर्नु पर्नेछ ।

३) गाउँकार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुले जस्ता पाता वितरणमा देहायका आधारहरुलाई प्राथमिकता दिनुपर्नेछ ।

क) विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति तथा परिवार, सुकुम्बासी, फुसका छाना भएका घरका परिवार तथा पिछडिएका वर्ग लाई प्राथमिकता दिईनेछ ।

ख) दैविक प्रकोप तथा विपद बाट प्रभावित व्यक्ति तथा संघ संस्थाहरुलाई पुःन निर्माणको लागि ।

ग) निर्माणाधीन संघ संस्थाहरुलाई वजेट अपुग भई जस्ता पाताको आवश्यक भएमा ।

४) वितरण भएको जस्ता पाताको भरपाई गराई यथाशिघ्र गाउँपालिकाको कार्यालयमा वडा सचिवले पेश गर्नु पर्नेछ ।

५) फाल्गुनन्द गाउँपालिका तथा मातहतका वडा कार्यालयहरुले जस्ता पाता यस आर्थिक वर्षमा वितरण हुन नसकेमा सुरक्षित साथ भण्डारण गरी राख्नु पर्नेछ ।

६) गाउँपालिका वा वडा कार्यालयबाट दोहोरो सुविधा प्राप्त हुने गरी जस्तापाता उपलब्ध गराईने छैन । गाउँपालिकाको आकस्मिक कोष र विपद व्यवस्थापन कोष बाट आर्थिक सहयता पाउने व्यक्ति, संस्था वा विद्यालयलाई यस कार्यविधी वमोजिम सुविधा उपलब्ध गराईने छैन । कार्यालयबाट उपलब्ध खानेपानी पाइप दूरुपयोग गर्ने, घरमा लुकाएर राख्ने तथा बेचबिखन गर्ने वा उक्त काम गर्न प्रोत्साहन गर्ने व्यक्तिलाई कानुन बमोजिम कार्बाही गरिनुका साथै गाँउपालिकाबाट प्रदान गरिने कुनै सेवा सुविधा उपलब्ध गराईने छैन ।

७) जस्ता पाता आवश्यक हुने नागरिक, संघ संस्थाहरुले गाउँपालिका/वडा कार्यालयमा पेश गर्नुपर्ने कागजातहरुः

- निवेदन
- व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
  संस्थाको हकमा कार्यसमितिको निर्णय, दर्ता प्रमाण पत्र, नविकरण, करचुक्ता प्रमाणपत्र
  विद्यालयको हकमा वि.व्य.स.को निर्णय समेत
- वडा कार्यालयको सिफारिस पत्र, प्राविधिक लागत स्टिमेट
- दैवि विपत्ती भएको अवस्थामा तयार गरिएको क्षती विवरणको मुचुल्का
- कार्यविधीको वुँदा ३ (क) प्रमाणीत हुने अन्य कागजातहरु

६) यो कार्यविधी यही आ.व. २०७६/०७७ मा मात्र लागु हुनेछ ।

**समाप्त**